नेपाल सरकार

अर्थ मन्त्रालय

# आन्तरिक राजस्व विभाग

लाजिम्पाट, काठमाडौं

## Firewall License खरिद सम्वन्धी सिलबन्दी दरभाउपत्र आव्हानको सूचना

(प्रथम पटक प्रकाशित मिति २०७५/०२/०२ गते)

यस विभागको लागिचालु आ.ब. २०७४/७५ को **Firewall License** आपूर्ति गर्नु पर्ने भएको हुँदा नेपाल सरकारबाट इजाजत प्राप्त गरेका मु.अ. करमा दर्तावाला इच्छुक फर्महरुबाट सिलबन्दी दरभाउपत्र आव्हान गरिएको छ ।

१. यो सिलबन्दी दरभाउपत्र प्रथम पटक प्रकाशित भएको मिति देखि १५ औं दिन सम्म **Firewall License** खरिद सम्बन्धी सिलबन्दी दरभाउपत्र फाराम वापत नगदै रु. ३००।- (फिर्ता नहुने गरी) यस विभागमा बुझाई फर्म दर्ता प्रमाण पत्र दर्ता, मूल्य अभिवृद्धि करमा दर्ता भएको प्रमाणपत्र र आ.व.०७३।७४ सम्मको कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपिहरु निवेदन साथ पेश गरे पछि नियमानुसार उक्त सिलबन्दी दरभाउपत्र फाराम यस विभाग बाट उपलव्ध गराइनेछ ।

२. खरिद गरिएका सिलबन्दी दरभाउपत्र फारामको महलहरू स्पष्ट रुपमा भरी प्रत्येक पानामा सही छाप गरी मिति २०७५/०२/१७ गते दिनको १२:०० बजे सम्म यस विभागमा सिलबन्दी दरभाउपत्र दर्ता गराउनु पर्नेछ । यसरी दर्ता हुन आएका सिलबन्दी दरभाउपत्र फारामहरू सोहीदिनदिनको २ बजे यस विभागमासिलबन्दी दरभाउपत्रदातावानिजकाप्रतिनिधिहरूको रोहवरमाखोलिनेछ । सिलबन्दी दरभाउपत्र दाता वा प्रतिनिधिहरू उक्त दिन उपस्थित नभएमा पनि कार्यालय प्रतिनिधिहरूको रोहवरमा प्राप्त हुन आएका सिलबन्दी दरभाउपत्र खोलिनेछ

३. सिलबन्दी दरभाउपत्र फाराम साथ जमानत वापत रु. २२५००।- रकम यस विभागको राष्ट्रिय वाणिज्य बैंक ठमेल धरौटी खाता नं. ११००२०३ कार्यालय कोड नं. २७-३०५-०३ मा नगद दाखिला गरेको सक्कल रसीद वा मान्यता प्राप्त बैंकबाट यस विभागको नाउँमा जारी गरीएको कम्तिमा७५ दिन अवधिको विडवण्ड (बैंक ग्यारेन्टी) पेश गर्नु पर्नेछ र यसरी पेश गरीने जमानत वापतको बैंक भौचर वा विड वण्ड यो सूचना प्रकाशित भएको मिति पछि जारी भएकोलाई मात्रमान्यता दिइनेछ ।

४. सिलबन्दी दरभाउपत्र खरिद गर्ने र दर्ता गरीने अन्तिम दिन सार्वजनिक बिदा परेमा सो दिनको भोलि पल्ट वा कार्यालय खोलिएको दिन सो कार्य गरिनेछ ।

५. प्राप्त सिलबन्दी दरभाउपत्रहरू पूर्ण वा आंशिक रुपमा स्विकृत गर्ने वा रद्द गर्ने सम्पूर्ण अधिकार यस विभागमा सुरक्षित रहनेछ ।

६. सिलबन्दी दरभाउपत्र सम्बन्धी सूचना विभागको website: www.ird.gov.np मा समेत हेर्न सकिनेछ ।

७. सिलबन्दी दरभाउपत्र सम्बन्धीथपजानकारी आवश्यक परेमा यस विभागको आर्थिक प्रशासन शाखा वा फोन नं. ४-४१५८०२ मार्फत पनि बुझ्न सकिनेछ । अन्य कार्य विधिहरू सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरीद नियमावली, २०६४ अनुसार हुनेछ ।